"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५९७०००
www.damakmun.gov.np
info@damakmun.gov.np

सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमका लागि आवश्यक जनशक्ति करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०१/०९)

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्विस सरकारबीचको द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा सञ्चालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फवाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गरिरहेको छ। यस सामी कार्यक्रम अनतर्गत दमक नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धी सचेतिकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्ति आवश्यक परेको हुँदा योग्य अनुभवी नेपाली नागरिकहरुवाट तल उल्लेखित पदका लागि १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|
| १ | सामी ०१/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | १ जना (महिलालाई प्राथमिकता) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, नर्सिङ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह वा स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको । मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र बाट प्रमाण पत्र भएको र सोहि क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईने छ। |

१. कार्य अवधिः हाललाई २०८३ असाढ मसान्तसम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ।

२. दरखास्त दिने अन्तिम मितिः २०८३/०१/२४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन वुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

३. उमेरको हदः महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा २१ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको हुनु पर्ने।

४. आवेदन दस्तुरः रु. १००० (एक हजार मात्र)।

५. तलव तथा सुविधाः कार्यक्रमको नियम अनुसार।

६. परिक्षाको किसिमः लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

लिखित परीक्षाको पाठ्यक्रमः-

| क्र.सं. | विषयवस्तु |
|---|---|
| क | वैदेशिक रोजगारका चुनौती, सवाल र समाधानका उपायहरु<br>नेपालमा रोजगारको अवस्था, चुनौती र सम्भावनाहरु |

यज्ञराज निरौला
वरिष्ठ प्रशासकीय अधिकृत

फोनः ०२३-५९७०००
www.damakmun.gov.np
info@damakmun.gov.np

| | |
|---|---|
| ख | आप्रवासनको मनोसामाजिक अवस्था |
| ग | मनोसामाजिक परामर्शको अवधारणा, प्रक्रिया, परामर्शको विधि तथा तरिकाहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी |
| घ | सामुहिक मनोपरामर्श सेवाको अवधारणा, प्रक्रिया तथा समूहमा मनोपरामर्श सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु र समूह सञ्चालन गर्ने व्यक्तिमा हुनुपर्ने सीपहरु |
| ङ | मनोसामाजिक समस्याहरु तथा समस्या, समाधानको उपायहरु (तनाव वा दबाब सामना गर्ने तरिकाहरु, लाञ्छनाको अवधारणा र यसमा सहयोग गर्ने मनोपरामर्शको तरिकाहरु, मानसिक रोगप्रति धारणा तथा मानसिक रोगीलाई सहयोग गर्ने तरिकाहरु, मनोसामाजिक परामर्श सेवा दिँदा विश्लेषण गर्ने पक्षहरु, आत्महत्या र रोकथाम गर्ने तरिकाहरू, आप्रवासी कामदारका श्रीमती र बालबालिकाहरुले भोग्नुपरेका मुख्य चुनौतीहरु) |
| च | सेवाग्राहीको अभिलेख राख्ने तरिकाहरु कार्ययोजना निर्माण |
| छ | नेपालको संविधान तथा स्थानीय तहको अधिकारक्षेत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यपालिका तथा वडा समितिको काम, कर्तव्य अधिकार सम्बन्धी ज्ञान र दमक नगरपालिका सम्बन्धी सामान्य जानकारी एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी सामान्य जानकारी |
| ज | नेपालको भू-राजनीतिक इतिहास सम्बन्धी सामान्य जानकारी |

प्रयोगात्मक परीक्षा

| क्र.सं. | विषयवस्तु | पूर्णाङ्क | उत्तीर्णाक |
|---|---|---|---|
| क | कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको, Word, excel, PowerPoint, नेपाली र English Typing | २० | ८ |

अन्तर्वार्ता परीक्षा – पूर्णाङ्क ३०

| क्र.सं. | विवरण | प्राप्ताङ्क |
|---|---|---|
| क | दमक नगरपालिकाको स्थायी बासिन्दा | ५ |
| ख | महिला | ५ |
| ग | मनोसामाजिक परामर्शका क्षेत्रमा कार्य गरेको अनुभव | ३ |
| घ | अन्तर्वार्ता | वाकी अंकको |

परीक्षा संचालन प्रक्रियाः-

१) लिखित परीक्षा तर्फ प्रत्येक प्रश्नको २ अङ्कभार हुने गरी ५० वटा बहुवैकल्पिक प्रश्नहरु रहने। जसको पूर्णाङ्क १०० हुने। न्यूनतम उत्तीर्णाङ्क ४० हुने।

२) लिखित परीक्षा उत्तीर्ण भएकाहरुलाई मात्र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षामा समावेश गराइने। प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २० हुने र उत्तीर्णाङ्क ८ हुने। प्रयोगात्मक परीक्षामा सफल हुनैपर्ने।

३) प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा सम्पन्न भएपछि एकमुष्ट नतीजा प्रकाशन गरिने।

९/५

राजराज निरौला
वरिष्ठ प्रशासकीय अधिकृत